## मिति २०८१/०९/०८ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. १**

नेपालगञ्ज उप-महानगरपालिका नगर सभाको १६ औं अधिवेशन मिति २०८१/०९/२० गते शनिबार, बिहान ८:०० बजे देखि सिद्वार्थ कटेज, धम्बोझीमा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

नेपालगञ्ज उप-महानगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८१ तर्जुमाका लागि सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

नेपालगञ्ज उप-महानगरपालिकाको वि.नं. ०३/२०८१-०८२ पशु चिकित्सक, अधिकृतस्तर छैठौं तह (करार) पदका लागि मिति २०८१/०८/१७ गते प्रकाशित सूचना अनुसार प्राप्त आवेदन संख्या ३ (तीन) को मिति २०८१/०८/२९ गते शनिबार दिनको ३:०० बजे सञ्चालित सेवा सँग सम्वन्धित लिखित परीक्षा र मिति २०८१/०८/३० गते आइतबारका दिन दिनको ११:०० बजे सञ्चालित अन्तर्वार्ता परीक्षामा सम्मिलित जम्मा २ (दुई) जना उम्मेदवारहरु मध्ये दुई वटै परीक्षामा उतीर्ण भई सबै भन्दा बढी अङ्क प्राप्त गर्ने योग्यताक्रम नं. १ मा रहन सफल भएका उम्मेदवार श्री आशिष थारुलाई पशु चिकित्सक, अधिकृतस्तर छैठौं तह (करार) मा छनौट तथा मिति २०८१/०९/०३ गते करार सम्झौता गरी पशुपञ्छी सेवा शाखामा कामकाजमा लगाईएको व्यहोरा प्रमुख प्रशासकीय अधिकृत मार्फत जानकारी प्राप्त भयो ।

**निर्णय नं. ४**

आर्थिक वर्ष २०८१।०८२ मा सञ्चालित क्रमागत योजना अन्तर्गत तपसिल बमोजिमका योजनाहरुको कार्यान्वयन सम्बन्धमा सडक बोर्ड नेपाल, मिनभवन, काठमाडौको प.सं. ०८१/०८१, च.नं. ७००, मिति २०८१/०८/२० गतेको पत्र मार्फत सहमति प्रदान भएको हुँदा तपसिलमा उल्लेख भए अनुसारको म्याद थप गर्ने निर्णय गरियो ।

| क्र. सं. | योजनाको नाम | ठेक्का नं. | सम्झौता मिति | सम्झौता अनुसार कार्यसम्पन्न हुनुपर्ने मिति | अन्तिम पटक म्याद थप मिति | पूर्व निर्धारित क्षतिपूर्ति लिई सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|
| बोलपत्र मार्फत कार्यान्वयन योजना | | | | | | |
| १. | NIDC सडक मर्मत कार्य | NSMC/NCB/W17/080/81 | २०८१।०१।३० | २०८१।०३।१५ | २०८१।१२।३० | म्याद भित्र सम्पन्न गर्न नसकेमा १५ दिन पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा कार्वाहीको प्रकृया अगाडि बढाउने । |
| २. | वडा नं. ९ बिष्णु लामाको घरदेखी पशुपति मन्दिर जाने सडक मर्मत | NSMC/SQ/W05/080/81 | २०८१।०२।२३ | २०८१।०३।१५ | २०८१।१२।३० | |

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



क्रमशः।

मिति २०८१/०९/०८ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

निर्णय नं. ५

नेपालगञ्ज उप-महानगरपालिका ०९ नं. वडा, बाँकेगाउँमा अवस्थित यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज, बाँकेलाई नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रभित्र स्थायी रुपमा व्यवस्थित गर्नका लागि सोको सम्भाव्यता अध्ययन गर्न गठन भएको समितिको प्रतिवेदन पेश गर्नका लागि जनप्रतिनिधि, कर्मचारी, यातायात कार्यालयका प्रतिनिधि सहितको टोली मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी), नेपाल जाने निर्णय गरियो ।

निर्णय नं. ६

नेपालगञ्ज उप-महानगरपालिका राजस्व परामर्श समितिको मिति २०८१/०८/२५ गतेको बैठकका तपसिल बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

रा.प.स.नि.नं.१

नेपालगञ्ज उप-महानगरपालिका वडा नं.४ स्थीत बसपार्क सञ्चालन सम्बन्धी (बसपार्क पार्किङ्ग, शौचालय तथा सातवटा नगरवस) आय ठेक्काको मिति २०७६/११/०१ गते भएको ५(पाँच) वर्ष अवधिको द्विपक्षिय सम्झौता मिति २०८१/१०/३० गते सकिने हुँदा नयाँ बोलपत्र आव्हान गर्नुपर्ने भएकोले साविकको व्यवस्थामा परिमार्जन गरी बसपार्क सञ्चालन (बसपार्क पार्किङ्ग तथा शौचालय) सम्बन्धी बोलपत्र आब्हान गर्न बहाल वापत न्यूनतम वार्षिक मूल्य १०००००००/- (अक्षरुपी एक करोड मात्र) कर बाहेक कायम गरी मूल्य बढाबढमा बोलपत्र आव्हान गर्न राजस्व परामर्श समितिबाट सिफारिस भई आएकोले आन्तरिक आय व्यवस्थापन तथा नियमन ऐन, २०८१ बमोजिम तथा बोलपत्र फाराममा उल्लेखित शर्त बमोजिम हुने गरी बोलपत्र सम्वन्धी प्रकृया अघि बढाउने निर्णय गरियो।

रा.प.स.नि.नं.२

नेपालगञ्ज उप-महानगरपालिका वडा नं.४ स्थीत बसपार्क सञ्चालन सम्बन्धी (बसपार्क पार्किङ्ग, शौचालय तथा सातवटा नगरबस) आय ठेक्काको मिति २०७६/११/०१ गते भएको ५(पाँच) वर्ष अवधिको द्विपक्षिय सम्झौता मिति २०८१/१०/३० गते सकिने हुँदा नयाँ बोलपत्र आव्हान गर्नुपर्ने भएकोले साविकको व्यवस्थामा परिमार्जन गरी नगर बस सञ्चालन सम्बन्धी बोलपत्र आब्हान गर्न बहाल वापत न्यूनतम वार्षिक मूल्य २६०००००/-(अक्षरुपी छब्बिस लाख मात्र) कर बाहेक कायम गरी मूल्य बढाबढमा बोलपत्र आव्हान गर्न राजस्व परामर्श समितिबाट सिफारिस भई आएकोले आन्तरिक आय व्यवस्थापन तथा नियमन ऐन, २०८१ बमोजिम तथा बोलपत्र फाराममा उल्लेखित शर्त बमोजिम हुने गरी बोलपत्र सम्बन्धी प्रकृया अघि बढाउने निर्णय गरियो।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

**मिति २०८१/०९/०८ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :**

**रा.प.स.नि.नं.३**

नेपालगञ्ज उप-महानगरपालिका जडीबुटी, कवाडी र जीवजन्तु कर संकलनको लागि श्री कृष्ण बिल्डर्स, कोहलपुर-१२ बाँके र यस कार्यालय विच कर संकलन गर्न दिने/लिने गरी मिति २०७८/१०/०७ गते भएको २ (दुई) वर्ष अवधिको द्विपक्षिय सम्झौता मिति २०८०/१०/०६ गते सकिएको र यस अघि मिति २०८०/१०/१० गते नयाँ टेण्डर आव्हान गरिएकोमा पेश हुन आएक जम्मा दुई जना बोलपत्रदातालाई सम्झौताको लागि पटक पटक जानकारी दिएर ताकेता गर्दा समेत सम्झौता गर्न नआएको हुँदा पुनः बोलपत्र बोलपत्र आव्हान गर्न न्यूनतम वार्षिक मूल्य रकम ६१०००००/-(अक्षरुपी एकसठ्ठि लाख मात्र) कर बाहेक कायम गरी बढाबढमा बोलपत्र आव्हान गर्न राजस्व परामर्श समितिबाट सिफारिस भई आएकोले आन्तरिक आय व्यवस्थापन तथा नियमन ऐन, २०८१ बमोजिम तथा बोलपत्र फाराममा उल्लेखित शर्त बमोजिम हुने गरी बोलपत्र सम्बन्धी प्रकृया अघि बढाउने निर्णय गरियो।

**रा.प.स.नि.नं.४**

नेपालगञ्ज उप-महानगरपालिकावडा नं.४ वसपार्क भित्रको सटरहरु छुट्टाछुट्टै बहालमा लगाइरहेको वर्तमान अवस्थमा बहाल नउठ्ने, लामो समय सम्म बहालमा नलाग्ने, बहालमा बसेको व्यक्ति बहाल नबुझाई भागि जाने जस्ता समस्य कार्यालयले भोगनुपरेकोले त्यहा रहेका सम्पूर्ण सटरहरु एकमुष्ट रुपमा बहालमा लगाउन कार्यालयको हितमा देखिएकोले वार्षिक मूल्य रकम ३५०००००/-(अक्षरुपी पैंतीस लाख मात्र) कायम गरी बढाबढमा बोलपत्र आव्हान गर्न राजस्व परामर्श समितिबाट सिफारिस भई आएकोले आन्तरिक आय व्यवस्थापन तथा नियमन ऐन, २०८१ बमोजिम तथा बोलपत्र फाराममा उल्लेखित शर्त बमोजिम हुने गरी बोलपत्र सम्बन्धी प्रकृया अघि बढाउने निर्णय गरियो।

**रा.प.स.नि.नं.५**

नेपालगञ्ज उप-महानगरपालिका वडा नं.४ वसपार्क भित्रको सटर नं. ३५ को छाना जिर्ण भई वर्षाको समयमा चुहिएको हुँदा व्यवसाय सञ्चालन गर्न नसकिएकोले भाडा र जरिवाना छुट गरिदिन हुन भनि बहालमा बस्ने व्यक्तिले निवेदन दिएकोले निजको माग मनासिबै देखिएकोले एक महिनाको भाडा र दुई महिनाको जरिवाना बापतको जम्मा रकम छुट दिन राजस्व परामर्श समितिबाट सिफारिस भई आएकोले सो रकम छुट दिने निर्णय गरियो।

**निर्णय नं. ७**

अपाङ्गता समन्वय समितिको मिति २०८१/०७/३० गतेको वैठकको निर्णय अनुसार आपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक सहायक सामाग्री तथा कृतिम हात र खुट्टा भारतको राजस्थानको, जयपुरमा निःशुल्क उपलब्ध हुने भएकोले उल्लेखित वजेटको सिमा भित्र रही अन्य सामाग्रीको लागि आवश्यक कागजात, हात र खुट्टा निमार्णको लागि सम्बन्धित व्यक्तिलाई समेत लिएर जानु पर्ने भएकोले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको संयोजकत्वमा उक्त कार्यहरु सञ्चालन गर्न सामाग्री मागका लागि १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरी माग संकलन गर्ने, संकलन भएका निवेदन र वजेटको परिधिलाई मध्यनजर गरी संवेदनशीलता र तत्काल सहयोग आवश्यक भएका व्यक्तिहरुलाई प्राथमिकता दिई खर्च व्यवस्थापनको सीमा नेपालगञ्ज उप-महानगरपालिकाले तोकेको मापदण्ड (लुम्बिनी प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९) को परिधि भित्र रही खर्च गर्ने गरी सम्पूर्ण कार्य सम्पन्न गर्ने अनुमति दिने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त बिष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

क्रमशः

**मिति २०८१/०९/०८ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :**

**निर्णय नं. ८**

संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सीमित अनुदान रकम समेतमा कटौती हुँदै जाने र राजश्वका श्रोत तथा करहरुबाट समेत यस नेपालगञ्ज उप-महानगरपालिकाको समग्र सेवा प्रवाह तथा बिकास निर्माण कार्यलाई गति दिन चुनौती थपिदै गएको अवस्था देखिएको छ । यसरी सीमित श्रोतबाट असीमित जनआकांक्षा पुरा गर्न सम्भव नहुने हुँदा निजी क्षेत्रमा छरिएर रहेको पूँजि समेतलाई सदुपयोग गर्दै निजी क्षेत्र र जनसहभागितामूलक कार्यक्रम सम्पन्न गर्ने नीति अंगाल्न अति जरुरी देखिन्छ । अतः यस नेपालगञ्ज उप-महानगरपालिकामा सार्वजनिक निजी साझेदारी अवधारणा अंगाल्दै समग्र शहरी सुशासन तथा शहरी विकास निर्माण कार्यमा निजी क्षेत्रको लगानी के कस्तो परियोजनामा सञ्चालन गर्न सकिने सम्भाब्यता छ सोको अध्ययन गरी सार्वजनिक निजी साझेदारी (PPP) मोडेलमा महत्वपूर्ण देखिने संभावित परियोजना सञ्चालन गर्ने नीति लिन यसै आर्थिक वर्षमा प्रतिवेदन प्राप्त गर्ने गरी सम्भाव्यता अध्ययन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र पालिकाको आन्तरिक श्रोतहरु परिचालन समेतबाट प्राप्त हुने रकमबाट सञ्चालित हुने योजना, आयोजना तथा विकास निर्माण सम्वन्धी कार्यक्रमहरु स्थानीय अपनत्व र जनसहभागिता समेत हुने गरी सञ्चालन गर्न सकिने व्यवस्था अनुरुप बिकास निर्माण कार्यहरु हुदै आईरहेको छ । उपभोक्ता तथा लाभग्राही समुह र टोल स्तरीय संस्थाहरुका सदस्यहरुलाई विद्यमान कानुन, योजना सञ्चालन प्रक्रिया, बजेट खर्च गर्ने विधि एवं फरफारक सम्बन्धी ज्ञानको कमीका कारण बिकास निर्माण कार्य सम्पन्न गर्न यदाकदा विभिन्न समस्याहरु देखा पर्ने गरेका छन् । तोकिएको अवधिमा काम सम्पन्न नभई बजेट फ्रिज हुने, अर्को आर्थिक वर्षमा बजेट भार पर्ने एवं समग्र योजना सञ्चालनमा समेत बाधा पुग्ने परिस्थितिका कारण विकास निर्माण कार्यमा सहभागिता हुने उपभोक्ता तथा लाभग्राही समुह र टोल स्तरीय संस्थाहरुका सदस्यहरुलाई विद्यमान कानुन, योजना सञ्चालन प्रक्रिया, बजेट खर्च गर्ने विधि एवं फरफारक सम्बन्धी विषयमा क्षमता बिकास कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका